३९५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १२४/२०७१/०७२

निर्णय नं.६

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ........................................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख (सचिव), शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं ..............१ विपक्षी

सूचना अधिकारी, शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं.........................१

विषय :- माग अनुसारको सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने नोदनाथ त्रिताल समेतले शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।०१ मा माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी आदेश गरेकोमा शान्ति तथा पुनः निर्माण मन्त्रालयले प्रकाशन तथा प्रसारण गर्ने समेत प्रयोजन रहेको भनी सूचना उपलब्ध गराउन नसकिने भन्ने निर्णय गरी जानकारी गराएकोले पुनरावेदकले सूचना नदिने निर्णय बदर गराई पूर्ण सूचना उपलब्ध गराई पाउँ भनी आयोग समक्ष मिति २०७१।१०।२९ र २०७१।१२।२३ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७२।०२।२८ को आदेश बमोजिम शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौंको मिति २०७२।०३।२८, च.नं.२३४, प.सं.०७१/०७२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराईएको बोधार्थ पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।